# घट्दै जलाशयमा कछुवा

**वावुराम कार्की**
*वराहक्षेत्र, असोज १२ गते*

तराईका नदी, पोखरी, तालतलैया, सिमसार तथा चुरेक्षेत्रका खोल्सामा सहजै देखिने कछुवा पछिल्लो समय दुर्लभ बन्दै गएको छ। मानवीय क्रियाकलापका कारण कछुवाको वासस्थान क्रमशः मासिँदै जाँदा दुर्लभ बन्दै गएको हो।

पानीका स्रोत तथा सिमसार अतिक्रमण, वासस्थान खण्डीकरण, अवैध सिकार तथा सङ्कलन, माछा मार्ने क्रममा जालमा पर्ने, विष तथा करेन्टको प्रयोग, सडक निर्माण र जल प्रदूषणका कारण कछुवाको वासस्थान साघुरिँदै गएको संरक्षणकर्मी बताउँछन्। नेपालमा कछुवाका १८ प्रजाति अभिलेख गरिए पनि तीमध्ये १२ प्रजाति विश्व संरक्षण सङ्घ (आइयुसिएन) को सङ्कटापन्न श्रेणीमा रहेका छन्।

कछुवा तथा सरिसृपसम्बन्धीमा चाइनिज एकेडेमी अफ साइन्सेसबाट विद्यावारिधि गर्दै आउनुभएका अनुसन्धानकर्ता अस्मित सुब्बाका अनुसार कछुवा संरक्षणलाई एउटा जीव बचाउने अभियानका रूपमा मात्र बुझ्न नहुने बताउनुहुन्छ। उहाँका अनुसार कछुवा बाँच्ने पानी, नदी किनार, अन्डा पार्ने बालुवा वा माटो, घाम ताप्ने स्थान, आहारा तथा आसपासको हरियाली संरक्षण गर्न सके मात्र कछुवा संरक्षण प्रभावकारी हुने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "कछुवालाई संरक्षण गर्नु भनेको एउटा प्रजातिलाई मात्र बचाउनु होइन, त्यसको वासस्थानसँग जोडिएको पानी, जमिन र हरियालीलाई संरक्षण गर्नु हो।"

सरिसृप वर्गमा पर्ने कछुवाका लागि पानीका साथसाथै सुरक्षित नदीकिनार, अन्डा पार्ने बालुवा वा माटो, घाम ताप्ने स्थान, आहारा र प्राकृतिक वनस्पति पनि आवश्यक हुने बताइएको छ। कतिपय प्रजाति पानीमा बढी समय बिताए पनि प्रजननका समयमा नदीकिनारको सुरक्षित स्थानमा निर्भर हुन्छन्। सिमसार पुरिँदै जाने, प्राकृतिक पोखरी तथा जलाशय मासिँदै जाने, नदीकिनारमा अव्यवस्थित संरचना निर्माण हुने र वरपरका वनस्पति हट्दै जाने क्रमले कछुवाको जीवनचक्रमा प्रत्यक्ष असर पार्ने अनुसन्धानकर्ता सुब्बा बताउनुहुन्छ। उहाँका अनुसार सिमसारले वर्षाको पानी सञ्चय गर्ने, जमिनमुनिको पानी पुनर्भरण गर्ने, बाढीको प्रभाव घटाउने तथा विभिन्न जीवजन्तु र वनस्पतिलाई वासस्थान उपलब्ध गराउने भएकाले कछुवाको संरक्षणलाई सिमसार संरक्षणसँग जोडेर हेर्नुपर्ने संरक्षणकर्मीको भनाइ छ।

### जोखिममा नरम खपटे कछुवा

पूर्वी नेपालमा पाइने नरम खपटे कछुवाका केही प्रजाति मानव गतिविधिका कारण थप जोखिममा परेका छन्। गहिरो नदी, जलाशय तथा सिमसारमा निर्भर हुने यस्ता कछुवाको वासस्थानमा अतिक्रमण बढ्नुका साथै अवैध सिकार, मासु तथा परम्परागत प्रयोग र अवैध व्यापार चुनौतीका रूपमा देखिएको बताइएको छ।

सुनसरी, मोरङ, झापा र सप्तरीका नदी तथा सिमसारमा विष वा करेन्ट प्रयोग गरेर माछा मार्ने कार्यले कछुवा र अन्य जलचरलाई समेत असर पुऱ्याउने संरक्षणकर्मी बताउँछन्। माछा मार्ने क्रममा जाल र बल्छीमा परेका कछुवा घाइते हुने, निसास्सिने वा मर्ने जोखिमसमेत बढी हुने बताइएको छ। सडक, बस्ती, कृषि, उद्योग तथा अन्य पूर्वाधार विस्तारका कारण कछुवाको प्राकृतिक वासस्थान टुक्रिँदै गएको



**कालो नरम खपटे कछुवा ।**

बताइए छ। ठुलो वासस्थान ससाना क्षेत्रमा विभाजन हुँदा आहारा खोज्न, प्रजनन र सुरक्षित स्थानमा पुग्न कछुवालाई कठिन हुने गरेको अनुसन्धानकर्ता अस्मित सुब्बा बताउनुहुन्छ। कछुवा ढिलो बढ्ने र वयस्क अवस्थामा पुग्न लामो समय लाग्ने भएकाले सङ्ख्या घट्दै गए पुरानै अवस्थामा फर्किन पनि समय लाग्ने सुब्बाको भनाइ छ।

पूर्वी तराईको चारकोसे झाडी क्षेत्र पछिल्लो समय बस्ती विस्तार, कृषि, सडक तथा अन्य पूर्वाधारका कारण विभिन्न स्थानमा खण्डित भएको छ। वनसँग जोडिएका पोखरी, खोल्सा, नदीकिनार र सिमसारमा हुने परिवर्तनले त्यहाँ आश्रित जलचर तथा वन्यजन्तुलाई समेत असर पार्ने संरक्षणकर्मी बताउँछन्। अनुसन्धानकर्ता सुब्बाले कछुवा पाइने स्थानमा गहिरो पानी, कम मानवीय हस्तक्षेप र प्राकृतिक नदीकिनार संरक्षणलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो। कोशीटप्पु क्षेत्रबाहेक सम्भावना भएका अन्य नदी तथा सिमसारमा समेत संरक्षण कार्यक्रम विस्तार गर्नुपर्ने उहाँ सुझाउनुहुन्छ।

### समुदायको सहभागिता आवश्यक

कछुवा संरक्षणमा स्थानीय समुदायको भूमिका महत्त्वपूर्ण मानिन्छ। नदी तथा सिमसारमा विष र करेन्ट प्रयोग गरी माछा मार्ने कार्य रोक्ने, कछुवाका अन्डा तथा बच्चा सङ्कलन नगर्ने, अवैध सिकार तथा व्यापारको सूचना सम्बन्धित निकायलाई दिने र प्राकृतिक पोखरी तथा सिमसार पुरेर बस्ती विस्तार नगर्ने काम स्थानीय तहबाटै सुरु गर्न सके कछुवा संरक्षणमा सहयोग पुग्ने बताइएको छ।

सन् २००५ मा त्रिभुवन विश्वविद्यालयबाट सरिसृप तथा उभयचरमा नेपालमै पहिलो विद्यावारिधि गर्ने प्रोफेसर डा. कालुराम खुम्बुका अनुसार कछुवा संरक्षणलाई एउटा प्रजाति बचाउने अभियानमा सीमित नगरी सरिसृप तथा उभयचरको समग्र वासस्थान संरक्षणका रूपमा अघि बढाउनुपर्ने बताउनुहुन्छ। त्यसका लागि अनुसन्धान, तथ्याङ्क, सङ्कलन र वासस्थानको नियमित अध्ययन आवश्यक रहेको उहाँको भनाइ छ।

कछुवाका विभिन्न प्रजातिले वनस्पति, किरा, माछा तथा अन्य जैविक पदार्थ खाने भएकाले खाद्य शृङ्खलामा समेत भूमिका खेल्ने प्राध्यापक खुम्बु बताउनुहुन्छ। उहाँका अनुसार गाउँका पोखरी, खेती नजिकका जलाशय, नदीकिनार र सिमसारको संरक्षण गरे कछुवाको संरक्षण हुने उहाँको भनाइ छ। पोखरीछेउका रुख काट्ने, सिमसार पुर्ने, प्राकृतिक जलाशय नष्ट गर्ने र नदी किनारको बालुवा र माटो अनावश्यक रूपमा हटाउन सके कछुवाको वासस्थान जोगाउन सकिने उहाँ बताउनुहुन्छ।

# चार महिनापछि हवाई उडान



*तस्बिर : साहारा लिम्बू*

**सुकेटार विमानस्थलमा नेपाल वायुसेवा निगमको जहाज अवतरण हुँदै ।**

**फुङलिङ, समाचारदाता**
*फुङलिङ, असोज १२ गते*

करिब चार महिनापछि ताप्लेजुङमा सोमबारदेखि हवाई उडान सुरु भएको छ। फुङलिङमा रहेको सुकेटार विमानस्थलमा करिब चार महिनापछि सोमबारदेखि काठमाडौँ–ताप्लेजुङ–काठमाडौँ उडान सुरु भएको हो।

वर्षा सुरु भएसँगै भिजिबिलिटी कम भएपछि गत जेठ २२ गतेदेखि उडान हुन सकेको थिएन। सुकेटार विमानस्थलका एयर ट्राफिक कन्ट्रोलर दिलीप राजवंशीका अनुसार बारम्बार लागिरहने हुस्सु तथा कुहिरोले भिजिबिलिटी कम हुँदा ताप्लेजुङमा चार महिनासम्म उडान अवरुद्ध भएको थियो। उहाँका अनुसार यसअघिको सोमबारसमेत उडान गर्ने सम्पूर्ण तयारी पूरा भए पनि अन्तिम समयमा आएर प्राविधिक समस्याका कारण उडान अवरुद्ध भएको थियो।

अहिले मौसममा क्रमशः सुधार आएकाले उडान सुरु भएको नेपाल वायुसेवा निगम ताप्लेजुङ स्टेसन इन्चार्ज नारायणकुमार कार्कीले जानकारी दिनुभयो। उहाँका अनुसार हाल ताप्लेजुङमा निगमको ट्विनअटर जहाज मात्र सञ्चालन हुँदै आएकाले वर्षामा उडान प्रभावित हुँदै आइरहेको छ। जहाजमा आउने प्राविधिक समस्या र मौसम परिवर्तनले पटक पटक उडान अवरुद्ध हुँदा जिल्लावासी हवाई सुविधाबाट वञ्चित हुँदै आएका थिए। लामो समयसम्म उडान नहुँदा जिल्लावासीले लामो दुरीको सडकमार्फत यात्रा गर्न बाध्य थिए।

दसैँतिहारलगायतका चाडपर्व नजिकिएसँगै परिवारसँग पर्व मनाउन तथा आफन्त भेटघाटका लागि जिल्ला भित्रिने तयारीमा रहेका तथा अत्यावश्यक कामका लागि जिल्ला बाहिरिनेहरू खुसी छन्। ताप्लेजुङ घुम्न आउने सिजनसमेत सुरु भएकै समयमा हवाई उडान सञ्चालन हुँदा यातायात व्यवसायी तथा होटेल व्यवसायीसमेत हर्षित देखिएका छन्। सोमबार ताप्लेजुङबाट काठमाडौँ पाँच जना प्रस्थान गरेका छन् भने काठमाडौँबाट १३ जना यात्रु ताप्लेजुङ आएको स्टेसन इन्चार्ज कार्कीले जानकारी दिनुभयो।

जिल्लामा पटक पटक उडान तालिका भए पनि हवाई सञ्चालन नहुँदा यात्रुहरू अन्योलमा पर्ने भएकाले सुरुवाती चरणमा थोरैले मात्र टिकट लिएको उहाँको भनाइ थियो। मौसममा सुधार भएकाले नियमित उडान सुरु भएपछि यात्रुको चाप हुने उहाँको विश्वास छ।

ताप्लेजुङ स्टेसनका अनुसार हाल उडान तालिकासमेत केही परिवर्तन भएको छ। यसअघि साताको सोमबार, बुधबार र शुक्रबार हुँदै आएको उडान अबदेखि सोमबार, बिहीबार र शनिबारका लागि सारिएको छ।

ताप्लेजुङबाट काठमाडौँ प्रस्थान गर्ने यात्रुका लागि हाल १२ हजार ७० रुपियाँ र काठमाडौँबाट ताप्लेजुङ आउनेका लागि १२ हजार २७० रुपियाँ भाडादर निर्धारण गरिएको निगमले जनाएको छ। हवाई इन्धनको बढेकाले यसअघि नौ हजार २४५ रुपियाँ रहेको भाडादरसमेत वृद्धि गरेर १२ हजार पुऱ्याएको बताइएको छ।

# चाडपर्वमा नुन, चिनी र चामल सहज बनाइने

**दमक समाचारदाता**
*दमक, असोज १२ गते*

चाडपर्व नजिकिँदै गर्दा झापा प्रशासनले सर्वसाधारणका लागि अत्यावश्यक नुन, चामल र चिनीको आपूर्ति सहज बनाउने तयारी थालेको छ। प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलको संयोजकत्वमा बसेको बैठकले जिल्लामा खाद्यवस्तुको पर्याप्त मौज्दात कायम राख्दै सहज आपूर्ति र सहुलियत मूल्यमा बिक्री गर्ने निर्णय गरेको हो।

बैठकले साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत झापाका २५ भन्दा बढी विक्रेतामार्फत थोक रूपमा नुन उपलब्ध गराउने निर्णय गरेको छ। यसबाट जिल्लाका विभिन्न बजारमा नुनको नियमित आपूर्ति तथा वितरण सहज बनाउने लक्ष्य राखिएको छ। चाडपर्वका बेला उपभोक्तालाई राहत दिने उद्देश्यले चामल, चिनी र नुन सहुलियत मूल्यमा बिक्री गर्ने निर्णय गरिएको छ।

तत्काल सञ्चालन गरिने सहुलियत मूल्य पसलमार्फत जिरा मसिनो चामल प्रतिकिलो ८५ रुपियाँ, सोना मनसुली चामल ५७ रुपियाँ, चिनी ११० रुपियाँ र नुन २४ रुपियाँमा बिक्री गर्ने व्यवस्था मिलाइएको झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले बताउनुभयो।

बैठकले चामल, चिनी, नुनलगायत अत्यावश्यक खाद्य सामग्रीको पर्याप्त मौज्दात कायम राख्न तथा जिल्लाभर सहज आपूर्ति सुनिश्चित गर्न सम्बन्धित निकायलाई निर्देशन पनि दिएको छ। चाडपर्वको समयमा खाद्य सामग्रीको माग बढ्ने भएकाले कृत्रिम अभाव, कालोबजारी वा अस्वाभाविक मूल्यवृद्धि हुन नदिन बजार अनुगमनलाई पनि प्रभावकारी बनाउनुपर्ने देखिएको छ। बैठकमा कृषि सामग्री कम्पनी लिमिटेडका कार्यालय प्रमुख दीपककुमार राजवंशी, साल्ट ट्रेडिङ कर्पोरेसनका कार्यालय प्रमुख विष्णुप्रसाद न्यौपाने तथा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका कार्यालय प्रमुख राजबहादुर राईलगायत हुनुहुन्थ्यो।


## Balephi Rural Municipality
**Office of the Municipal Executives**

**Invitation for Bids**

**Date of publication : 29th September, 2026)**

1. **Balephi Rural Municipality**, **Office of the Rural Municipal Executive, Balephi, Sindhupalchok** invites bids from eligible bidders for the following works under National Competitive Bidding. Only eligible bidders should participate in this bidding.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Balephi Rural municipality, Balephi -5 Sindhupalchok, or may visit Balephi rural municipality website https://balephimun.gov.np.
3. A complete set of Bidding Documents **may be purchased** from the office of Balephi Rural municipality, Balephi-5 Sindhupalchok by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***3000*** till **2083/07/10 during office hours** or may be downloaded from website of Balephi Rural Municipality https://balephimun.gov.np in the account as specified below.
   Name of the Bank : **NIC ASIA Bank LTD, Khadichour, Sindhupalchok**
   Name of Office : **Balephi Rural Municipality, Balephi, Sindhupalchok**
   Account no. : **194CA50003570007**
4. Sealed bids must be submitted to the ***Office of Balephi Rural Municipality Balephi Sindhupalchok*** by hand/courier before ***12:00 PM*** on ***2083/07/11.*** Bids received after this deadline will be rejected.
5. Office reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR 2064.

| S. N. | Contract ID No./Description | Bid Security Amount (NRs) | Bid Fee Amount (NRs) | Estimated Amount Without VAT | Last Date of Bid Submission | Bid opening Date |
|---|---|---|---|---|---|---|
| 1 | BRM/NCB/WORKS-01/2083-084 (Upgrading of Jalabire Bankali road) | 4,30,000 | 3,000 | 1,71,71,862.82 | 12:00 *Hrs.* on 28th *October 2026* | 13:00 *Hrs.* on 28th *October 2026* |
| 2 | BRM/NCB/WORKS-02/2083-084 (Upgrading of Adamara, Meeldada, Dadagaun road ) | 4,30,000 | 3,000 | 1,71,80,299.86 | 12:00 *Hrs.* on 28th *October 2026* | 13:00 *Hrs.* on 28th *October 2026* |
| 3 | BRM/NCB/WORKS-03/2083-084 (Upgrading of Chilaune Dhuskot road) | 2,80,000 | 3,000 | 1,11,59,526.75 | 12:00 *Hrs.* on 28th *October 2026* | 13:00 *Hrs.* on 28th *October 2026* |

**Chief Administrative Officer**



सुदूरपश्चिम प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
**लम्किचुहा प्रादेशिक अस्पताल**
लम्की, कैलाली,

इमेल: :- lcph083@gmail.com

**बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति :- २०८३।०६।१३**

यस लम्किचुहा प्रादेशिक अस्पताल, लम्की, कैलालीबाट आ.व. २०८३/०८४ का लागि तपसिलमा उल्लिखित बमोजिमको बोलपत्र आह्वान भएकोले इच्छुक फर्म वा आपूर्ति कर्ताबाट प्यान वा भ्याट दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरू संलग्न राखी तोकिएको अवधिभित्र निम्न सर्तहरूको अधीनमा रहने गरी रीतपूर्वक बोलपत्र प्रस्ताव पेश गर्न यो सूचना आह्वान गरिएको छ।

१. तोकिएको धरौटी रकम प्रदेश लेखा एकाइ कार्यालयको एकल कोष धरौटी खाता Ko.Le.Ni.Ka. Dharauti Account No.: KHA-2-3, DHARAUTI A/C (PRA,LE,NI,KA खाता नं. 4170100202030000) (Office code 3500277077) (राष्ट्रिय वाणिज्य बैंक) मा दाखिला गरिएको सक्कल बैंक भौचर वा १२० दिन म्याद भएको (क) श्रेणीको मान्यता प्राप्त बैंकको बिडबन्ड बोलपत्र साथ पेश गर्नुपर्नेछ। अलग अलग प्याकेजका लागि अलग अलग बैंक जमानत पत्रहरू पेश गर्नुपर्नेछ।
२. बोलपत्र खरिद दस्तुर बापतको रकम श्री राष्ट्रिय वाणिज्य बैंकमा रहेको लम्किचुहा प्रादेशिक अस्पताल कार्यालयको कोड नं. ३५००२७७०७७ कायम गरी राजस्व शीर्षक नं. १४२२९ अन्तर्गत बैंकको खाता नं. १०००१००२००००१०००० मा Package A का लागि रु. ३००० र Package B का लागि रु. ३,००० छुट्टाछुट्टै जम्मा गरेको भौचर संलग्न राख्नुपर्नेछ।
३. बोलपत्र खरिद गर्ने अन्तिम दिन एवं खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
४. बोलपत्र लम्किचुहा प्रादेशिक अस्पतालबाट प्राप्त गर्न सकिनेछ।
५. सूचनामा नपरेका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ।
६. अन्य कुनै किसिमको जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न अनुरोध छ।

**तपसिल:**

| क्र.सं. | ठेक्का सूचना नं. | कार्य विवरण | लागत अनुमान रकम रु. (भ्याट बाहेक) | बोलपत्र दस्तुर रकम रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|---|
| १ | LCPH/G/NCB/GOODS/01/ 083-084 Package-A Medicine | SUPPLY AND DELIVERY OF MEDICINE PACKAGE–A FOR Lamkichuha Provincial Hospital Pharmacy. | २,००,००,००० | ३,०००।०० | ५,००,००० |
| २ | LCPH/G/NCB/GOODS/01/ 083-084 Package-B Surgical Item & Others. | SUPPLY AND DELIVERY OF SURGICAL PACKAGE–B FOR Lamkichuha Provincial Hospital Pharmacy. | १,००,००,००० | ३,०००।०० | २,५०,००० |

**निमित्त मेडिकल सुपरिटेन्डेन्ट**



## Damak Municipality
**Office of Municipal Executive**
**Damak, Jhapa**
**Koshi Province, Nepal**

**Invitation for Bids (Hard-copy)**

**Date of publication : 2026-09-29 A.D. (2083-06-13 B.S.)**

1) Damak Municipality, Damak, Jhapa invites online bids from eligible bidders for the following works:

| S. N. | Contract ID No. | Name of Project | Cost of Bid Document | Bid Security Amount | Bid Validity Period | Estimated Amount (With VAT and contingency) | Last Date of Bid Purchase | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DMO/JHAPA/NCB/ ROAD/16/ 083-84 | Upgradation of Laxmi Marga to Ring Road Sadak, Damak 8 | 3,000 | 2,01,000 | 120 Days | 80,36,223.46 | 2026-10-26 17:00 | 2026-10-27 12:00 | 2026-10-27 14:00 |
| 2 | DMO/JHAPA/NCB/ ROAD/RBN/18/083-84 | Various Road Maintenance of Black Top Works, Damak 1-10 | 3,000 | 3,45,000 | 120 Days | 1,38,04,180.99 | 2026-10-26 17:00 | 2026-10-27 12:00 | 2026-10-27 14:00 |
| 3 | DMO/JHAPA/NCB/ ROAD/19/ 083-84 | Locking Tiles Work on Jyoti Marga, Damak 8 | 3,000 | 55,500 | 120 Days | 22,21,885.53 | 2026-10-26 17:00 | 2026-10-27 12:00 | 2026-10-27 14:00 |
| 4 | DMO/JHAPA/NCB/ ROAD/20/ 083-84 | Construction of sidewalks and railings from Nawasirjana Tole to Bhanu Chowk to Falgunanda Chowk, Damak 6 | 3,000 | 75,000 | 120 Days | 29,94,386.70 | 2026-10-26 17:00 | 2026-10-27 12:00 | 2026-10-27 14:00 |
| 5 | DMO/JHAPA/SQ/ ROAD/21/ 083-84 | Upgradation of New Pathivara Marga on Manakamana Tol, Damak 5 | 1,000 | 22,000 | 75 Days | 8,77,035.92 | 2026-10-05 17:00 | 2026-10-06 12:00 | 2026-10-06 14:00 |
| 6 | DMO/JHAPA/SQ/ ROAD/22/ 083-84 | Upgradation of Road at Sabal Tol South and in Front of Ambar Basnet House, Damak 1 | 1,000 | 19,000 | 75 Days | 7,51,495.50 | 2026-10-05 17:00 | 2026-10-06 12:00 | 2026-10-06 14:00 |
| 7 | DMO/JHAPA/ SQ/HOSPITAL/ ESSENTIALMEDS/ 2083-84 | Procurement of Essential Medicines for Damak Hospital FY 2083-84 | 1,000 | 75,000 | 75 Days | 29,98,856.93 | 2026-10-05 17:00 | 2026-10-06 12:00 | 2026-10-06 14:00 |
| 8 | DMO/JHAPA/ SQ/HOSPITAL/ LABCHEMICALS/ 2083-84 | Procurement of Lab Chemical and Accessories for Damak Hospital FY 2083-84 | 1,000 | 84,000 | 75 Days | 33,42,158.33 | 2026-10-05 17:00 | 2026-10-06 12:00 | 2026-10-06 14:00 |
| 9 | DMO/JHAPA/NCB/ NYANOJHOLA/ 23/083-84 | Procurement of Nyano Jhola for Damak Municipality for FY 2083-84 | 3,000 | 1,34,000 | 120 Days | 53,73,921.00 | 2026-10-26 17:00 | 2026-10-27 12:00 | 2026-10-27 14:00 |
| 10 | DMO/JHAPA/NCB/ PADS/24/083-84 | Procurement of Sanitary Pads for Damak Municipality for FY 2083-84 | 3,000 | 1,10,000 | 120 Days | 44,16,939.00 | 2026-10-26 17:00 | 2026-10-27 12:00 | 2026-10-27 14:00 |
| 11 | DMO/JHAPA/ FOOD/25/083-84 | Procurement of Foods (Ranjit Mansuli Rice) for Damak Municipality | 1,000 | 42,100 | 75 Days | | 2026-10-05 17:00 | 2026-10-06 12:00 | 2026-10-06 14:00 |

**Note:** It is hereby informed that, as the contract notice for "Construction of Blacktop Road near Ambadi Ground, Damak-10" was inadvertently published twice in the tender notice dated 2083/06/08, the notice listed under S.N. 13 has been cancelled.

2) Bidders may purchase the bid document from Damak Municipality, Planning Section at the price specified above. The purchased bids must be submitted to the office before the Last Date and time of Bid Submission specified above. The Bid Documents can be submitted and registered at the following offices:
- Damak Municipality, Office of the Municipal Executives, Damak, Jhapa
- All Ward Offices of Damak Municipality, Damak, Jhapa
- Area Administration Office, Damak, Jhapa
- Area Police Office, Damak, Jhapa
- Bid Documents can be submitted through Postal Service, but the Bid Documents must be submitted and registered to the Damak Municipality, Office of the Municipal Executive, Damak, Jhapa before the Last Date and time of Bid Submission, otherwise the bids will not be valid for evaluation.

3) Bids must remain valid for the period specified above, calculated from the bid submission deadline. Each bid must be accompanied by a bid security in the minimum amount specified above. The bid security must remain valid for at least 30 days beyond the bid validity period.

| For Bid Document Fee | For Bid Security |
|---|---|
| **Name of the Bank:** Rastriya Banijya Bank, Damak Branch | **Name of the Bank:** Rastriya Banijya Bank, Damak Branch |
| **Name of Office:** Damak Municipality | **Name of Office:** Damak Municipality |
| **Office Account Name:** DAMAK NA.PA.(GA-1-1)- AANTARIK RAJSA | **Office Account Name:** DAMAK NA.PA.(GA-3)- DHARAUTI ACCOUNT |
| **Office Account No.:** 2140100301010002 | **Office Account No.:** 2140100303000002 |
| **Rajaswa Shirshak No.:** 14229 | |

4) Eligible Bidders may obtain further information and inspect the bidding documents at Damak Municipality, Damak, Jhapa, Phone No. 023-597000.

**Chief Administrative Officer**
**Damak Municipality**